# विश्व

**छुद्र ग्रह**

१३ माइल अग्लो पहाड जत्रो छुद्रग्रह। ३ सय २६ फराकिलो उक्त छुद्रग्रह भेस्टा जुलाइ १६ सम्म नांगो आँखाले देख्ने सक्ने बताइएको छ।



**मृत्यु**

अमेरिकाको मेरिल्यान्डको फेडराल्स्बर्गको खेतमा फेला परेको मृत बाज। उक्त इलाकामा १३ मृत बाज फेला परेको तर तिनीहरु मरेको कारण थाहा हुन सकेको छैन।





विश्व २ मिनेट

**इटाली**

## साथ नदिने

मिलान, (एजेन्सी)

इटालीका गृहमन्त्री मोत्तेयो साल्भिनीले यदि आफूलाई उच्च प्राथमिकतामा नराखिएको खण्डमा युरोपेली संघ (ईयू) को युरोपमा अवैध आप्रवासी प्रवेश समस्या समाधान गर्ने योजनामा इटालीले साथ नदिने बिहीबार बताएका छन्। गैर ईयू आप्रवासीको प्रवेश रोक्न र सीमा क्षेत्रमा जाँचलाई अझै कडा बनाउने विषयमा आइतबार बेल्जियमको राजधानी ब्रसेल्समा आइतबार दस सदस्यीय राष्ट्र समूह ईयूका नेताहरुबीच महत्त्वपूर्ण बैठक हुने भएको छ। विशेष गरी अफ्रिकीहरू र हिंसाग्रस्त लिबियाबाट आउने आप्रवासीहरू अहिले जलमार्ग प्रयोग गरी इटाली पुग्ने गरेका छन्।

**अमेरिका**

## चिनियाँ लगानी बढ्यो

वासिङ्टन नयाँ दिल्ली, (एजेन्सी)

अमेरिकाले देशको प्रविधि क्षेत्रमा चीनको बढ्दो लगानीप्रति चिन्ता व्यक्त गर्दै वासिङ्टनका लागि खतरा भएको जनाएको छ। ह्वाइट हाउसको अफिस अफ ट्रेड म्यानुफ्याक्चरिङ पोलिसीले आफ्नो २० पृष्ठको प्रतिवेदनमा चीनले अमेरिकामा २० अर्ब डलर धनरासी ६ सयभन्दा धेरै उच्च प्रविधि पुँजीमा लगानी गरेको छ। त्यो भविष्यको आर्थिक विकासको स्थिति ल्याउने उदयमान उद्योगहरूमा कब्जामा जमाउने चिनियाँ प्रयासको हिस्सा भएको प्रतिवेदनमा उल्लेख छ। चीनले उक्त लगानी आर्टिफिसिल इन्टेलिजेन्स, भर्च्युयल रियालिटी र रोबोटिक्समा गरेको बताइएको छ।

**इन्डोनेसिया**

## क्याप्टेन पक्राउ

जाकार्ता, (एजेन्सी)

इन्डोनेसियाली प्रहरीले बिहीबार सुमात्राको टोवा तालमा डुबेको डुंगाका क्याप्टेनलाई गिरफ्तार गरेको छ। उक्त दुर्घटनामा कम्तिमा ३ जनाको ज्यान गएको छ भने अझै १ सय ९० जनाभन्दा बढी हराइरहेका छन्। सोमबार भएको यस डुंगा दुर्घटनालाई इन्डोनेसियाको इतिहासमा अहिले सम्मकै सबैभन्दा ठूलो मानिएको छ। क्याप्टेन तुआ सागालालगायत सत्रजना यात्रुलाई उद्धार टोलिले बचाउन सफल भएको थियो। केवल ६० जना यात्रु बोक्ने अनुमति प्राप्त सो जहाजमा त्यति धेरै संख्यामा यात्रु चढाइएकाले क्याप्टेनलाई पक्राउ गरिएको बताइएको छ।

**अमेरिका**

## तस्रो पक्ष अस्वीकार

वासिङटन, (एजेन्सी)

ट्रम्प प्रशासनले काश्मिर विवाद सल्टाउन कुनै तेस्रो पक्षको भूमिका आवश्यक नभएको बताएको छ। उक्त मुद्दामा कुनै पनि विषयको निर्धारण भारत र पाकिस्तानले गर्नुपर्ने जनाएको छ। भारतमा चीनका राजदूत लो जाहुइले सांघाइ सहयोग संगठनको पहलमा भारत, चीन र पाकिस्तानबीच त्रिपक्षीय सहयोगको सुझाव दिएपछि ट्रम्प प्रशासनको उक्त प्रतिक्रिया आएको हो। अमेरिकी विदेश विभागका एक प्रवक्ताले काश्मिरमा अमेरिकी नीतिमा कुनै परिवर्तन नभएको बताएका छन्। उक्त मुद्दामा कुनै पनि निर्णय वा प्रकृतिको निर्धारण दुई देशले गर्नुपर्ने उनले बताए।

# इजरायली प्रधानमन्त्री पत्नीविरुद्ध भ्रष्टाचार अभियोग



ब्युनसआयर्स, (एजेन्सी)

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुकी पत्नी सारा नेतान्याहु विरुद्ध बिहीबार सरकारी कोष दुरूपयोग काण्डमा संलग्न रहेको अभियोग लगाइएको छ। सारालाई प्रधानमन्त्रीको सरकारी निवास स्थानमा विभिन्न सेवा पुर्‍याउने क्रममा एक लाख अमेरिकी डलर हिनामिना गरेको अभियोग लगाइएको स्थानीय सञ्चार माध्यमले जनाएको छ। न्याय मन्त्रालयले एक प्रहरी अनसुन्धानबाट उनले सरकारी कोषको नियम पनि तोडेको पाइएको जनाएको छ। तर सारा नेतान्याहुले आफूविरुद्ध लगाइएका सम्पूर्ण अभियोग अस्वीकार गरेकी छिन्। यस मामिलामा उनीसंगै प्रधानमन्त्री कार्यालयका पूर्वउपमहा निर्देशक एजरा सेइडोफलाई पनि अभियोग लगाइएको छ।

जेरुसेलम जिल्ला न्यायाधिवक्ताको कार्यालयले सम्पूर्ण प्रमाणहरूमाथि पुनरावलोकन र मुद्दाको सम्पूर्ण परिस्थितिलाई जोखेपछि मात्र ती दुईविरुद्ध अभियोग लगाउने निर्णय गरिएको जानकारी दिएको छ। गत वर्ष महान्यायाधिवक्ता आभिचाइ म्यान्डलब्लिटले लामो अनुसन्धानपछि आफूले प्रधानमन्त्री पत्नी नेतान्याहुविरुद्ध अभियोग लगाउने विचार गरिरहेको जनाएका थिए। यस विषयलाई इजरायली सञ्चार माध्यमले ठूलो प्राथमिकता दिँदै आएको छ।

यिनीहरू दुवैविरुद्ध सन् २०१० को सेप्टेम्बरदेखि २०१३ को मार्चबीच प्रधानमन्त्रीको सरकारी निवासमा खाना खरिद एवं निजी भान्छेलाई काममा लगाउँदा आर्थिक अनियमितता गरेको अभियोग लगाइएको छ। तर बेन्जामिन नेतान्याहुले लामो समयदेखि आफ्ना राजनीतिक विपक्षीहरूले आफूहरूविरुद्ध षड्यन्त्रका लागि चलखेल गरिरहेको भन्दै आक्रोश व्यक्त गरेका छन्। प्रधानमन्त्रीको फेसबुक पेजमा सारा नेतान्याहु शक्तिशाली र सम्मानित महिला भएको र उनको काममा कहिल्यै पनि कुनै त्रुटी हुन नसक्ने उल्लेख गरिएको छ।

# मोदी अविवाहिता भएको प्रचारप्रति पत्नी जसोदाबेन दुखित

नयाँदिल्ली, (एजेन्सी)

'एक महिला हुनुको बाबजुद आनन्दी बेन पटेलले यस्तो बयान दिइन्, त्यसैले यो स्पष्टिकरण दिनुपरेको हो। मेरा लागि यो दु:खको कुरा हो कि मोदी विवाहित भएको बाबजुद यस्तो बयान दिइरहेका छन्। यो भनाइ प्रधानमन्त्री नरेन्द्र मोदीकी पत्नी जसोदा बेनको हो। उनले यो कुरा एक अन्तरवार्तामा भनेकी थिइन्।

प्रधानमन्त्री मोदी अविवाहित बताइएको आनन्दी बेनको बयानलाई लिएर जसोदा बेन दुखी भएकी छिन्। गुजरातका पूर्वमुख्यमन्त्री तथा मध्येप्रदेशकी राज्यपाल आनन्दी बेनले एक कार्यक्रममा भनेकी थिइन्- 'नरेन्द्र भाइले विवाह गरेनन् तर पनि महिला र बच्चाको पीडालाई बुझ्नुहुन्छ।' आनन्दी बेनको उक्त बयानले जसोदा बेन र उनका परिवारका सदस्य अत्यन्त रुष्ट भएका छन्। जसोदा बेनले भनिन्- 'सबैलाई थाहा छ, नरेन्द्र मोदीको विवाह भएको थियो। फेरि पनि यिनीहरू झुठो प्रचार गरिरहेका छन्।' जसोदाबेन र उनका परिवारले आनन्दीबेनको बयान पूर्ण रूपमा झुठो भएको बताएका छन्। यो त्यस्तो झुठ हो जुन राजनीतिक फाइदाका लागि फैलाइरहेको उनीहरूले बताएका छन्। जेसोदा बेनका भाइ अशोक मोदीले बीबीसी गुजरातिलाई भने- 'मान्छेहरू राजनीतिका लागि नरेन्द्र मोदी र जसोदा बेनका बारेमा झुठो प्रचार गर्नुहुँदैन।'

नरेन्द्र मोदीले सन् २००२, २००७ र २०१२ को गुजरात विधानसभा चुनावमा चुनावको नामांकन फर्ममा आफ्नो वैवाहिक स्थितिका बारेमा कुनै जानकारी दिएका थिएनन्। तर सन् २०१४ को लोकसभा चुनाव अगाडि मोदीले पहिलोपटक औपचारिक रूपमा चुनावी नामांकन पत्रमा आफू विवाहिता भएको स्वीकार गरेका थिए। उनले नामांकन फर्ममा जोसदा बेनलाई आफ्नी पत्नी भएको उल्लेख गरका थिए। यद्यपि, प्यानकार्ड र सम्पतिसँग सम्बन्धित कागजातमा उनले यस विषयमा कुनै जानकारी दिएको छैन। त्यसका लगत्तै प्रधानमन्त्री मोदीका दाजु सामाभाइ दामोदरदास मोदीले एक विज्ञप्ती जारी गर्दै विवाहको केही दिनपछि नै उनी र जसोदा बेन अलग्ग भएको बताएका थिए।



सोमाभाइले भने- 'हामी सामाजिक र आर्थिक रूपले पिछडिएको जातिमा पर्छौं।' हाम्रो समाजमा बालविवाह प्रथा प्रचलित थियो र १७ वर्षको उमेरमा नरेन्द्र मोदीको विवाह जसोदा बेनसँग भएको थियो। विवाहको केही दिनपछि नै ती दुई अलग्ग भएका थिए। यद्यपि दुवैले कहिले पनि आफ्नो विवाहलाई औपचारिक अन्त्य भने गरेनन्। सन् २०१३ मा भारतको सर्वोच्च अदालतले एक फैसला सुनाउँदै चुनावी प्रत्यासीले नामांकन पत्रमा मागेका सबैको सही जानकारी दिनुपर्ने आदेश दिएको थियो। यदि कुनै कोलम खालि छुट्न गएमा उसको नामांकनपत्र रद्द गर्न सक्ने फैसलामा उल्लेख गरिएको थियो। अदालतले आफ्नो आदेशमा मतदातालाई आफ्ना चुनावी प्रत्यासीका बारेमा सबै कुरा जान्ने अधिकार रहेको उल्लेख गरेको थियो।

नरेन्द्र मोदीसँगको विवाहको समयमा जसोदा बेनको उमेर मात्र १५ वर्ष थियो। मोदीले आरएसएसमा संलग्न भएपछि जसोदा बेनलाई छोडेको आलोचकहरू बताउँछन्। संघका स्वयंसेवकलाई विवाह गर्ने अनुमति छैन। आलोचकहरूले लामो समयसम्म जसोदा बेनलाई पत्नीका रूपमा स्वीकार नगर्नु महिलाप्रति मोदीको उदासिन रवैया भएको बताए।

# न्युजिल्यान्डका प्रधानमन्त्रीले छोरी पाइन्

अकल्यान्ड, (एजेन्सी)

न्युजिल्यान्डका प्रधानमन्त्री जासिन्दा आर्देनले आफ्नो पहिलो सन्तानका रूपमा बिहीबार छोरी जन्माएकी छिन्। नवाजात शिशुको वजन ३ किलो ३१ ग्राम रहेको अस्पताल सूत्रले जनाएको छ।

आधुनिक इतिहासमा आफ्नो कार्यकालमै सन्तान जन्माउने उनी विश्वकै दोस्रो निर्वाचित नेता भएकी छिन्। प्रशव वेदनाले च्यापेपछि आर्देनलाई हिजो बिहान सबेरै राजधानी शहर अकल्यान्डको एउटा अस्पतालमा भर्ना गरिएको थियो। उनलाई यसअघि चिकित्सकले दिएको तिथिको चार दिनपछि अस्पताल भर्ना गरिएको हो। ३७ वर्षीया आर्देनले आफ्नो काम कारबाही उप-प्रधानमन्त्री विन्स्टन पिटर्सलाई जिम्मा लगाएकी छिन्। उनले छ साता लामो सुत्केरी विदा लिएकी छिन्। तर उनले महत्त्वपूर्ण विषयहरूमा सल्लाह दिइनै रहने तथा विदामा पनि मन्त्रीमण्डलका कागजातहरू पढ्ने जानकारी दिएकी छिन्।

आर्देनले सामाजिक सञ्जालमार्फत् बच्चा जन्मेको सुखद् समाचार सार्वजनिक गर्दै आफूलाई निकै भाग्यमानी ठानेको जनाएकी छिन्। साथै उनले अस्पतालका सम्पूर्ण कर्मचारीलाई सहयोगका लागि औपचारिक रूपमा धन्यवाद पनि दिएकी छिन्।




# आप्रवासी बच्चालाई मातापितासँग अलगग नगर्न ट्रम्पको आदेश



वासिंगटन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अन्तत: अवैध आप्रवासीलाई उनीहरूको बच्चासँग अलग्ग नगर्ने आदेशमा दस्तखत गरेका छन्। उनले आप्रवासीहरूसँगै बस्न पाउने प्रतिवद्धता व्यक्त गरेका छन्।

आदेशमा अब अवैध आप्रवासी परिवारलाई एकसाथ हिरासतमा लिइने उल्लेख गरिएको छ। यद्यपि यदि मातापितालाई हिरासतमा लिँदा बच्चामाथि गलत प्रभाव पर्ने आशंका भएमा उनीहरूलाई अलग्ग राखिनेछ। आदेशमा बच्चालाई उनका मातापितासँग कति समयका लागि अलग्ग राख्ने भन्ने प्रष्ट गरिएको छैन। ट्रम्पको यो पछिल्लो आदेश कहिलेदेखि लागू हुन्छ भन्ने पनि स्पष्ट भएको छैन।

आदेशमा एकै परिवारबाट कयौं सदस्यलाई हिरासतमा लिइएको मामिलालाई प्राथमिकतामा राख्न भनिएको छ। ट्रम्पले आफूले आमाबुबासँग अलग्ग भएका बच्चाको तस्वीर हेरेपछि आफ्नो मन पग्लेको र त्यसैले आफूले उक्त आदेश जारी गरेको बताए।

आफ्नी पत्नी मेलानिया ट्रम्प र छोरी इवान्काले पनि परिवारलाई सँगै राख्नुपर्नेमा समर्थन गरेको ट्रम्पले बताए। ट्रम्पले आदेशमा हस्ताक्षर गर्नु केही समयअगाडि पूर्वअमेरिकी राष्ट्रपति बाराक ओबामले फेसबुक पोस्टमा शरणार्थी तथा आप्रवासीलाई स्वागत गर्ने प्रक्रिया खोज्नु नै अमेरिकाको परम्परा भएको उल्लेख गरेका थिए।

# भेनेजुयलाका पसल पसलमा सेना परिचालित

काराकास, (एजेन्सी)

'आर्थिक युद्ध' लाई रोक्ने प्रयासस्वरूप भेनेजुयलाले झण्डै एक सयवटा खाद्यान्न बजारमा बिहीबारदेखि सेना तैनाथ गरेको छ। बजारमा पसलेहरूले मूल्य नियन्त्रित वस्तुहरू पनि महँगोमा बिक्री वितरण गरिरहेको खबर प्राप्त भएपछि राष्ट्रपति निकोलस मादुरोले सेना परिचालनका लागि आदेश दिएको बताइएको छ। विश्वकै सबैभन्दा बढी मुद्रा अवमूल्यन हुने गरेको भेनेजुयलामा आधारभूत खाद्य पदार्थको निकै अभाव रहेको छ।

अधिकांश भेनेजयुलाका जनताले भोकभोकै बस्नुपरेको गुनासो गर्न थालेका छन्। राष्ट्रपति मादुराले अन्तर्राष्ट्रिय नाकाबन्दी र लोभी व्यापारीहरूका कारण खाद्यान्न अभाव देखिएको आरोप लगाएका छन्। तर उनका विरेधीहरूले भने सरकारको आफ्नै आर्थिक नीतिका कारण यो दुर्दशा भएको आरोप लगाउने गरेका छन्। तिनीहरूले पूर्वराष्ट्रपति ह्युगो चाभेजलाई पनि तेलका लागि धनी राष्ट्र भेनेजुयलाको अर्थतन्त्र ध्वस्त पारेको अभियोग लगाएका छन्।

राष्ट्रपति मादुराले भनेका छन्- 'महानगरपालिकाका बजारहरूमा गरिएको अभियानले ठूलो सफलता हासिल गरेका छ। नेसनल गार्ड र सेनाका सदस्यहरूलाई राष्ट्रभरिकै खाद्य स्टलहरूमा गस्तिमा परिचालन गरिएको हो। यसै क्रममा ठूलो संख्यामा थोक बिक्रेता र पुँजीपतिहरूलाई गिरफ्तार गरिएको छ।' उद्योग तथा उत्पादन मन्त्री तारेक एल आइस्सामीले सेनाले बजारमा सामानको मूल्य अनुगमन गरेको तथा गैरकानुनी हरकतमा संलग्न रहेकालाई गिरफ्तार गरेको जानकारी दिएका छन्।

